# स्थानीय राजपत्र

खण्ड १ संख्या ८ २०७५ साल ११ महिना ६ गते सोमबार


## रैनादेवी छहरा गाउँपालिका

## भाग १

## रैनादेवी छहरा गाउँपालिका

# रैनादेवी छहरा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

**प्रस्तावनाः** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानुन बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम रैनादेवी छहरागाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. <u>**संक्षिप्त नाम, विस्तार र प्रारम्भ**</u> : (१) यो ऐनको नाम रैनादेवी छहरा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ रहेको छ ।

(२) यो ऐन रैनादेवी छहरा गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

२. <u>परिभाषा</u> : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) 'ऐन' भन्नाले रैनादेवी छहरा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ सम्झनुपर्छ ।

(ख) 'कार्यपालिका' भन्नाले रैनादेवी छहरा गाउँ कार्यपालिका सम्झनुपर्छ ।

(ग) 'गाउँपालिका' भन्नाले रैनादेवी छहरा गाउँपालिका सम्झनुपर्छ ।

(घ) 'सभा' भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा सम्झनुपर्छ ।

(च) 'संविधान' भन्नाले नेपालको संविधानलाई सम्झनुपर्छ ।

३. <u>**नियम बनाउने अधिकार**</u> : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त रैनादेवी छहरा गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४. <u>**निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने**</u> : (१) संविधान, ऐन तथा यस ऐन वा नियमावलीको अधिनमा रही रैनादेवी छहरा गाउँ कार्यपालिकाले

आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।

**आज्ञाले**
**ज्ञानुराम पन्थी**
**प्रमुख प्रशासकीय अधिकृत**